सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक ४४ ♦ २०८१ साल भदौ २४ गते सोमवार ♦ 9 Sep 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## गौशालामा ट्याक्टरले किचेर एक बालिकाको मृत्यु, दुई जना घाइते



**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

महोत्तरीको गौशालामा ट्याक्टरले किचेर एक बालिकाको मृत्यु भएको छ दुई जना घाइते भएका छन् ।

इलाका प्रहरी कार्यालय गौशालाको अनुसार गौशला नगरपालिका वडा न. ३ इटाटार सुखलैया पोखरी स्थितको सडकखण्डमा पश्चिमबाट पुर्वतर्फ गईरहेको ट्याक्टरले साइकलमा सवार विद्यालय गइरहेका ३ जना बालबालिकालाई ठक्कर दिएको थियो ।

सो दुर्घटनामा परी गौशाला -३ बस्ने रामकरण महतोको १२ वर्षीया छोरी जिया कुमारी महतो मृत्यु भएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ।

उक्त दुर्घटनामा परी जिया सामान्य घाइते भएकी थिइन् तर ट्याक्टरले मार्ने मनसायले ब्याक गरेर किचेको स्थानीयहरुले आरोप लगाएका छन् । त्यस्तै घाइते हुनेहरुमा घाइते हुने बच्चाहरु बटेश्वर गाउँपालिका वडा २ बस्ने संजय कुमार महतोको छोरा १२ वर्षीय सुरज कुमार महतो र क्षिरेश्वर नाथ नगरपालिका ८ महेन्द्रनगर बस्ने राजी प्रसाद सिंह की ६ वर्षीया छोरी अन्शिका सिंह रहेका थिए ।उनिहरु मामा घर आएका थिए । दुर्घटना पश्चात उनीहरुलाई उपचारको लागि जनकपुर पठाइएको प्रहरीले जनाएको छ ।

ज. २ त. २० नम्बर भएको स्वराज कम्पनीको ट्याक्टर चालक गौशाला-३ का प्रेमचन्द महतो दुर्घटना लगतै फरार भएको प्रहरीले जनाएको छ ।

सामान्य घाइते बालिकालाई स्थानीयहरुले ट्याक्टरले जानीजानी किचेर मारेको आरोप लगाएपछि नवराजपुरको अवस्था तनावग्रस्त भएको छ।दुर्घटना लगत्तै ट्याक्टर चालक प्रेमचन्द्र महतो केही बेर फरार रहेपनि प्रहरीको सक्रियतामा नियन्त्रणमा लिइएको प्रहरी निरीक्षक रानाले जानकारी दिए।

## सर्लाहीमा ठूलो परिमाणमा लागु औषध एक युवक पक्राउ

**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

सर्लाहीमा ठुलो परिमाणको लागु औषधसहित एक जना युवक पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सर्लाहीको हरिपुर्वा नगरपालिका- ९ बगेवा घर भएका २४ वर्षीय धर्मेन्द्र राउत रहेका छन्। जिल्ला प्रहरी

*बाँकी पृष्ठ २ मा*








# २० लाख बराबरको अवैध सामान बरामद

**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

पर्सा जिल्लाको वीरगन्जस्थित तीन वटा गोदाम लगायत विभिन्न इलाकाबाट भन्सार छली गरेर ल्याएको करिब २० लाख रुपियाँ बराबरको सामान बरामद भएको छ ।

सशस्त्र प्रहरीले वीरगन्ज महानगरपालिका-१६ स्थित नगवा इलाकाबाट सात लाख ८० हजार ४ सय ३० रुपियाँ बराबरको विभिन्न किसिमका सामान बरामद गरेको हो ।

यस्तै, भारतबाट अवैध रूपले ल्याइ सोही ठाउँको खुम्बु चकलेट उद्योगको गोदाममा भण्डारण गरी राखेको तीन लाख ६ हजार ६ सय ३० रुपियाँको चकलेट, चिनी र बोरा सिलाउने तथा जोख्ने मेसिनहरू समेत प्रहरीले बरामद गरेका छन् ।

यसबाहेक, सोही ठाउँको एक घरमा लुकाएको चार लाख ७३ हजार ८ सय रुपियाँको काजु, खजुर, बदाम, बिस्कुट, अजिर र किसमिसका सामान बरामद भएको छ । सीमा सुरक्षा गुल्म वीरगन्ज र वीरगन्ज भन्सार कार्यालयको संयुक्त टोलीले विशेष सूचनाको आधारमा गोदाममा छापा मारेको थियो ।

यसैगरी सोही महानगरपालिका-८ मिनाबजारस्थित पारस प्रसाद एण्ड राजेश कुमार सप्लायर्सको गोदाममा पनि भण्डारण गरी राखिएको दुई लाख ७० हजार १ सय ७० रुपियाँको आलु र प्याज समेत बरामद भएको छ ।

प्रहरीले सोही महानगरपालिका-१० स्थित आदर्शनगरबाट ९ लाख ४५ हजार ६ सय रुपियाँ बराबरको काजु, मरिच र ट्याम्पोसहित एक जनालाई नियन्त्रणमा लिएको छ । घटनमा संलग्न बारा जिल्लाको विश्रामपुर गाउँपालिका-२ बैरैनिया बस्ने २५ वर्षीया विनोद कुश्वाहा सो सामान ना २ ह ५९६ नम्बरको ट्याम्पोमा लोड गर्दै गरेको अवस्थामा पक्राउ परेका छन् ।



सशस्त्र प्रहरी नायव उपरीक्षक सुरज रिजालको कमाण्डमा खटिएको सुरक्षा फौजले यस अघि पनि सो क्षेत्रका विभिन्न गोदाममा छापामारी करोडौं रुपियाँ बराबरको अवैध सामान बरामद गरेको छ । नियन्त्रणमा लिइएको अटो र बरामद सामान वीरगन्ज भन्सार कार्यालय पर्सामा बुझाइएको छ ।

**जिल्लाको सहरी क्षेत्रमा घर टहरा निर्माण गर्दा नगरपालिकाको माप दण्ड अनुसार निर्माण कार्य गरौं । मापदण्ड विपरीत घर टहरा निर्माण नगरौं तथा नगरको सौन्दर्यतालाई जोगाउन अघि बढौं ।**

संघीय आयोजना कार्यान्वयन ईकाई कार्यालय धनुषाको अनुरोध

सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**डिभिजन सडक कार्यालय**

**मुजेलिया, जनकपुर**

**विद्युत चुहावट बन्द गरौं । सभ्य समाजको निर्माणमा अग्रसर होऔं । विद्युत महशुल नतिर्ने ग्राहक वर्गको जुनसुकै बेला पनि विद्युत लाईन काटिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

नेपाल विद्युत प्राधिकरण

**प्रादेशिक कार्यालय, मुजेलिया, जनकपुर**

**सूचना ! सूचना !! सूचना !!!**

सडक हामी सबैको सांझा सम्पति हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर,गोबर ,खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटना बाट जोगऔं र अरुलाई पनि जोगाऔं ।

**हुलाकी सडक आयोजना**

**धनुषा**

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।**

**डिभिजन वन कार्यालय**

महोत्तरी

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।**

**डिभिजन वन कार्यालय**

धनुषा

सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, धनुषा

## कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तराईका जिल्लाहरुमा भुमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ । यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

भूमिगत सिंचाई विकास डिभिजन

महोत्तरी फोन नं. ०४४-५२०४५४



# नहरमा नुहाउन गएका बालकको डुबेर मृत्यु

**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

सर्लाहीको हरिवन नगरपालिका-५, किरिङ टोलमा आइतबार अपराह्न नहरमा डुबेर एक बालकको मृत्यु भएको छ । अत्यधिक गर्मी भएपछि साथीसँगै घर नजिकै बागमती सिँचाइ आयोजनाको नहरमा नुहाउन गएका स्थानीय जनिफ मन्सुरका छोरा १५ वर्षीय सहमद मन्सुरको डुबेर मृत्यु भएको हो ।

बालक नहरमा पौडी खेल्नेक्रममा नहरभित्र रहेको ह्युम पाइपमा अड्किएका प्रत्यक्षदर्शीले बताएका छन् ।

बालकलाई ह्युम पाइपबाट मृत अवस्थामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय भएर बाहिर निकालेका छन् । घटनास्थलको प्रकृति मुचुल्का गरी मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाइएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिनुभयो ।

बालकलाई गोठालो गएका स्थानीय मानिसहरूले नहरमा डुब्नासाथ देखेपनि ह्युम पाइपमा अड्किएकाले तत्काल बाहिर निकाल्न नसक्दा बालकको मृत्यु भएको हो । बालकसँगै नुहाउन गएका अन्य बालक भने सकुशल बाहिर निस्कन सफल भएका छन् ।

# चेक बाउन्समा एक महिनादेखि दुई वर्षसम्म कैद सजाय हुने

**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

चेक अनादर (चेक बाउन्स) सम्बन्धी मुद्दामा दोषीलाई एक महिनादेखि अधिकतम दुई वर्षसम्म कैद सजाय हुने भएको छ ।

सिंहदरबारमा आइतबार बसेको प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिमा बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० उपर दफावार छलफलका क्रममा चेक अनादर भएको प्रमाणित भएमा पाँच प्रतिशत जरिवानासहित १ महिनादेखि अधिकतम दुई वर्षसम्म कैद सजायको व्यवस्था उल्लेख गर्ने सहमति भएको हो ।

१५ लाख सम्मको चेक अनादरमा १ महिना कैद, ५० लाख सम्मकोमा तीन महिना, १ करोड सम्मकोमा १ वर्ष र करोड भन्दा माथिको चेक अनादर प्रमाणित भएमा दुई वर्षको कैद सजाय हुने विषयमा सहमति जुटेको समिति सभापति सन्तोष चालिसेले बताए ।

उनले सजाय दिएर पनि पैसा असुल नहुने अवस्थालाई पनि अन्त्य गर्नुपर्ने र पीडितलाई न्याय हुने गरिनै विधेयकलाई अन्तिम रूप दिने बताए । चेकको विश्वसनीयताका लागि पनि कानूनलाई छिटै अन्तिम रूप दिएर पारित गर्नुपर्ने उनले बताए।

बैठकमा उपप्रधान एवं अर्थमन्त्री बिष्णु पौडेलले बैङ्किङ्ग कसूर तथा सजाय सम्बन्धी विधेयकमा भएका छलफल सकारात्मक रहेको भन्दै दफावार छलफलका क्रममा आउने निष्कर्षलाई सरकारले स्वीकार गर्ने बताए ।

चेक अनादरको संख्या बढ्दै गएकाले यसलाई नियन्त्रण गर्न र चेक अनादरलाई निरुत्साहित गर्न सजायको व्यवस्था गरिएको उनले बताए ।

त्यस्तै बैठकमा सांसद सूर्य थापाले चेक अनादरका घटनामा राष्ट्रिय मानकका आधारमा क्षतिपूर्ति वा व्याजको व्यवस्था राख्नुपर्ने र चेकका कारण विश्वासको संकट आउन दिन नहुने बताए ।

त्यस्तै सांसद डा प्रकाशशरण महतले जेल सजाय काटेका भरमा रकम तिर्नबाट कसैले उन्मुक्ति पाउन नहुने उल्लेख गरे । उनले पाँच प्रतिशत जरिवानासहित कैदको व्यवस्था व्यवहारिक रहेको धारणा राखे।

त्यस्तै सांसद डा स्वर्णिम वाग्लेले १ करोड भन्दा बढीको चेक अनादरमा कडा सजाय हुनुपर्ने बताए ।

२०८० साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० को मस्यौदा स्वीकृत गरेको थियो भने तत्कालीन अर्थमन्त्री अर्थमन्त्री डा प्रकाशशरण महतले २०८० असोज १६ गते यो विधेयक सदनमा दर्ता गरेका थिए ।

चेक अनादरसम्बन्धी मुद्दामा फरक-फरक खालको कानुनी उपचारको अवस्था देखिएकाले यसलाई एकरूप बनाउनका लागि सरकारले विधेयक ल्याएको हो ।

# सर्लाहीमा ठूलो ......

कार्यालय सर्लाहीका अनुसार राउतलाई प्रहरी चौकी नारायणपुरबाट खटिएको प्रहरीको टोलीले पक्राउ गरेको हो। उनले उक्त अबैध लागु औषध लुकाई छीपाई ल्याउँदै गरेका थिए। प्रहरीले उनको साथबाट अबैध लागु औषध ONEREX -100 ml को बोतल -२०१ थान बरामद गरेको छ। साथै, प्रहरीले उनको साथबाट प्र.१-०१ -०२ ०५४ प ४८३४ नम्बरको मोटरसाईकल समेत बरामद गरेको छ।

यस घटनाका सम्बन्धमा सर्लाही जिल्ला अदालतबाट १० दिनको म्याद थप गरि अनुसन्धान अघि बढाईएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

ईलाका प्रहरी कार्यालय सिमरा फेन्हाराबाट खटिएको प्रहरीको टोलीले अबैध लागु औषध Codiwell Syrup (100 ml) लेखिएको १९७ बोतल र Nitraveta-10 tablet लेखिएको -४८ पत्ता बरामद गरेको छ। चेकजाँचको क्रममा उक्त लागु औषध भेटिएको र लागु औषध ल्याउने व्यक्ति सोहि समयमा लागु औषध त्यतै छोडेर भागेको प्रहरीले जनाएको छ।


स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद

खेलकुद, विविधतामा रमाएर बाचौं

मधेश प्रदेश सरकार

खेलकुद तथा समाज कल्याण मन्त्रालय

जनकपुरधाम, नेपाल

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं।

मधेश प्रदेश सरकार

गृह, सञ्चार तथा कानुन मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तराईका जिल्लाहरुमा भुमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ। यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौं ।

मधेस पदेश सरकार

वन तथा वातावरण मन्त्रालय

जनकपुरधाम

लामखुट्टेको टोकाईबाट बच्नु नै औलो (मलेरिया) रोकथामको उत्तम उपाय हो ।




मधेश प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

सार्वजनिक स्थलमा धुम्रपान नगरौं सभ्य नागरीकको परिचय दिऔं ।

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

मधेश प्रदेश सरकार

ऊर्जा,सिँचाई तथा खानेपानी मन्त्रालय

जनकपुरधाम, नेपाल

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।

मधेश प्रदेश सरकार

अर्थ मन्त्रालय

जनकपुरधाम, नेपाल

मधेस प्रदेशको सहरी क्षेत्रमा घर टहरा निर्माण गर्दा नगरपालिकाको माप दण्ड अनुसार निर्माण कार्य गरौं । मापदण्ड विपरीत घर टहरा निर्माण नगरौं तथा नगरको सौन्दर्यतालाई जोगाउन अघि बढौं ।

मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

जनकपुरधाम, नेपाल

# दिल्लीबाट रौतहटका चार बालकको सकुसल उद्धार

**खबर दर्पण समाचारदाता**
**भदौ २३ गते, जनकपुरधाम**

रौतहट जिल्लाको मध्यभाग गरूडा नगरपालिकाका ४ जना बालकलाई भारतको राजधानी दिल्लीबाट सकुसल उद्धार गरि एको छ ।

गरुडा नगरपालिका जयनगर गाउँका संजीव महतो, भरत किशोर ठाकुर, शेख निराली, र सुबोध महतोलाई अभीयन्ता सरोज रायले भारतीय प्रहरीको सहयोगमा दिल्लीबाट उद्धार गरेका हुन् । जयनगर नजीककैको एक गाँउको एकजना मानिसले ती चारै जनालाई काममा लगाउने प्रलोभन देखाई एक महिना अघि दिल्ली लागेका थिए ।

दिल्लीमा भारतीय प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो । ती बालकहरु १३ देखि १६ वर्ष उमेर समुहका रहेका छन् । बाल तस्करीको मुद्दामा बालकलाई लैजाने व्यक्तिलाई प्रहरीले हिरासतमा राखेको छ। शनिवार दुई बालकलाई नेपाल फिर्ता ल्याईएको तथा, वाकि दुई बालकलाई सोमवार फिर्ता ल्याउने अभियन्ता रायले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्।

भारतमा १८ वर्ष मुनिका बालबालिकालाई श्रम गराउनु गैरकानुनी छ र त्यहाँ बालश्रमको कानुन कडाइका साथ पालना गरिन्छ। तर आर्थिक विपन्नता, अशिक्षाको कारण बिभिन्न रोजगारीको नाउँमा रौतहट लगायतका जिल्लाका हजारौं नेपाली बालबालिका भारतको राजधानी दिल्ली, मुम्बई लगायतका सहरहरूमा बालश्रम गरिरहेका छन् ।

# सप्तरीका प्रमुख प्रशासकीय अधिकृत सहित ११ जना विरुद्ध भ्रष्टाचार मुद्दा

**खबर दर्पण समाचारदाता**
**भदौ २३ गते, बर्दिवास**

सप्तरीका प्रमुख प्रशासकीय अधिकृतसहित ११ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । तिरहुत गाउँपालिका वडा नं. १ देखि वडा नं. ५ सम्म सोलार बत्ती जडान गर्ने योजनामा वास्तविकताभन्दा बढी खर्च देखाएको भन्दै उनीहरू विरुद्ध मुद्दा दायर गरिएको हो । मुद्दा पर्नेमा सप्तरीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम नारायण साह, इन्जिनियर उग्रानन्द पाठक र सब-इन्जिनियर जागेश्वर मण्डल, तत्कालीन गाउँपालिका उपाध्यक्ष, योजना अनुगमन समितिको संयोजक लगायत सदस्यहरू रहेका छन् । त्यस्तै, उपभोक्ता समितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष रहेका छन् । उनीहरूले आ.व. २०७४-०७५ मा तिरहुत गाउँपालिकाको वडा नं. १ देखि ५ सम्म सोलार बत्ती खरिद तथा जडान कार्यमा कम काम गरी बढी काम गरेको देखाउँदै ६ लाख ४५ हजार ६६५ रुपैयाँ बढी भुक्तानी लिएको अख्तियार ले जनाएको छ ।

उनीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ९१० को देहाय (ग) र (ङ) साथै, दफा ८ को उपदफा ४ बमोजिमको कसुर मा बिगो ६ लाख ४५ हजार ६६५ रुपैयाँ तोकिएको छ ।


## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

मधेश प्रदेश सरकार
**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**
जनकपुरधाम, धनुषा, नेपाल



## माइग्रेसन सर्टिफिकेट हरायो

बर्दिवास बजारबाट घरतर्फ गौरीडाडा जाने क्रममा २०८१।५।५ गते निम्न व्हाेरा भएको स्नातक तहको माईग्रेसन प्रमाणपत्र हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा ९८६४२२१०११ नम्बरमा फोन गरेर जानकारी गराई दिनु हुन अनुरोध छ ।

नाम : विवेक कुमार यादव
रजिस्ट्रेसन नं : ०२०-३-२-०१९३४-२०१०
सि. नं : ०५१३/२०२०
फ्याकल्टी: विएसी एजी(अनर्स)
क्याम्पसको नाम : हिमालयन अग्रिकल्चर साईन्स एण्ड टेक्नोलोजी काठमाण्डौं
सम्पर्क : ९८६४२२१०११



## सूचना ! सूचना !!! सूचना !!!

**आफ्नो गाई भैसीहरुमा कृत्रिम गर्भाधान गराइ उन्नत किसिमका पाडा-पाडी, बाच्छा-बाच्छी उत्पादन गरी दूध उत्पादन बढाऔं ।**
हिउँद तथा वर्षे घासको विकास गरौं र उन्नत किसिमका घासको श्रोत केन्द्र स्थापना गरी आत्म निर्भर बनौं । पशु बिमा गरि पशु धनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जनकपुरधाम**



## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानूनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, महोत्तरी



## "स्वस्थ रहौं, खुसी र सुखी रहौं"

## स्वास्थ नै धन हो ।

**स्वस्थ/निरोगी र दिर्घायु जिवनका लागि खानपान सम्बन्धि ब्यवहारहरु ।**

१. हरेक दिन विभिन्न थरिका खानेकुराहरु खाने ।
२. हरेक दिन प्रयाप्त मात्रामा फलफूल र हरिया साग सब्जी खाने ।
३. हरेक दिन दाल र गेडागुडी खाने ।
४. माछा, मासु वा अण्डा नियमित रुपमा खाने ।
५. हरेक दिन दुध र दुधजन्य खानेकुराहरु खाने ।
६. खाना पकाउँदा तेल वा घ्यु थोरै मात्रामा प्रयोग गर्ने ।
७. स्वास्थ्यमा हानी पुऱ्याउने खाना सम्बन्धी अन्ध विश्वासबाट सावधान रहने ।
८. खानामा कम मात्रामा सधै आयोडिन युक्त नुन मात्र प्रयोग गर्ने ।
९. गुलिया र चिल्ला खानेकुरा कम मात्रामा खाने ।
१०. हरेक दिन ताजा र सफा खाना खाने र प्रयाप्त मात्रामा पानी पिउने ।
११. नियमित रुपमा शारीरिक ब्याम गर्ने ।
१२. परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टीक खाना खाने ।
१३. पौष्टिक तत्व कम भएका एवं बढि गुलिया, चिल्ला र नुनिला तयार पारेका खानेकुराहरु कम खाने ।
१४. मदिरा जन्य पेय पदार्थ उपभोग नगर्ने ।
१५. शिशुलाई प्रयाप्त मात्रमा स्तनपान गराउने ।
१६. शिशु ६ महिना पुरा भएपछी स्तनपानको साथसाथै थप खाना खुवाउने ।
१७. गर्भवती र स्तनपान गराउने आमाले थप पोषिला खानेकुराहरु खाने ।
१८. बद्दो उमेरका किशोर किशोरीहरुले खानपान सम्बन्धि स्वस्थ बानी बसाल्ने ।
१९. जेष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिने ।

**जिल्ला स्वास्थ्य कार्यालय,**
**धनुषा जनकपुरधाम, मधेस प्रदेश**



भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

शैक्षिक सत्र २०८१ को लागि कक्षा ११ मा वाणिज्य तथा शिक्षा संकायमा भर्ना खुल्यो ।

## श्री राम विलास यादव चन्देश्वर यादव जनता मा.वि. भोईल टिमकिया

औरही न.पा.-७, महोत्तरी




**हाम्रा सेवाहरू:**

- नि:शुल्क नामाङ्कन तथा अध्यापन।
- अनुभवी प्रध्यापकहरुद्वारा अध्यापन गराइने ।
- नि:शुल्क पाठ्य पुस्तकहरुको व्यवस्था ।
- ईन्टरनेट, मल्टिमिडिया, प्रोजेक्टर तथा स्मार्ट बोर्डको माध्यामबाट अध्यापन हुने ।
- बिहानी सत्रमा कक्षा संचालन हुनेछ ।

भर्ना फारम वितरण: २०८१ श्रावण ६ गते देखि
कक्षा संचालन: २०८१ श्रावण १६ गते देखि





सम्पर्क नं. : 9854030780, 9807687177


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,